जिल्ला विपद् व्यवस्थापन समिति मुगुको,मिति २०७९।०२।२५ गते बसेको बैठकका निर्णयहरु

१. आ.व. २०७८/०७९मा यस जिल्लामा भएका विपद्का घटनाहरुको बारेमा समिक्षा गरियो ।

२. यस जिल्लामा यस वर्ष हुन सक्ने प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउ, ज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाहरुको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७८ लाई पुनरावलोकन गरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ तर्जुमा गर्ने ।

३. निर्णय नं. २ बमोजिमको योजना तर्जुमा गर्नका लागि निम्नानुसारको कार्यदल गठन गर्ने ।उक्त प्रतिकार्य योजना तर्जुमा गर्नका लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग US-AID को आर्थिक सहयोगार्थ मर्र्छिकोर नेपाल र RCDC मुगुद्वारा संचालित भकारी परियोजनालाई अनुरोध गर्ने ।

निम्न

१ नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा, मुगु

२ यु.एम.एन. मुगु

३ आ.सि.डि.सी. मुगु

४ किर्डाक नेपाल, मुगु

५ हिरिस्डेक मुगु

६ हेरेन्डेक मुगु

७ साहास नेपाल, मुगु

आमन्त्रित

११ वटा विषयगत क्षेत्रसंग सम्बन्धित सरकारी कार्यालयहरु

४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ तर्जुमा गर्नका लागि आवश्यक पर्ने सुचना तथा तथ्याङ्क स्थानीय तह, सरकारी तथा गैर सरकारी कार्यालयहरुले उपलब्ध गर्ने/गराउने ।

५. यस जिल्लामा यस वर्ष हावाहुरीले विद्यालका छाना उडाएको हुँदा मर्मत गर्नका लागि सामाजिक विकास कार्यालय मुगुले सुचना प्रकासन गरी मर्मत कार्यका लागि प्रक्रिया अगाढी बढाउने ।

६. जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुले विपद् जोखिम न्यूनीकरण गर्नका लागि आवश्यक पर्ने औषधी, उपकरण, खोज एवं उद्धार सामाग्रीहरु, खाद्य एवं गैरखाद्य सामाग्रीहरु, राहातका सामाग्रीहरु आदि तयारी अवस्थामा राखी आवश्यक परेको समयमा सम्बन्धित स्थानीय तह, समुदाय/बस्तीलाई उपलब्ध गराउने ।

७. बर्षायाम शुरु भए पछि यस जिल्लामा समेत बाढी पहिरोको प्रकोप पर्न सक्ने भएकोले मनसुनसम्बन्धी पूर्व तयारी योजना, २०७९लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि तपसिलका निकायहरुले निम्नानुसारका पूर्वतयारीहरु गर्ने:

क. स्थानीय तहरुले:

- मनसुन पूर्वतयारी योजना,२०७९ अनुरुप पूर्व तयारी गर्ने ।

- विपद् पूर्व तयारीका लागि प्रत्येक वडा कार्यालयमा रहने गरी खोज तथा उद्धार सामाग्रीहरु यथाशिघ्र खरिद गरी नजिकको सुरक्षा निकाय, नेपाल रेडक्रस लगायत सरोकारवाला सबै निकायहरुलाई जानकारी समेत गराउने,
- स्थानीय विपद् व्यवस्थापन समितिको बैठक राखी खोज तथा उद्धार सामाग्रीहरु, खाद्य तथा गैंरखाद्य उद्धार सामाग्रीहरु तयारी अवस्थामा राख्ने,
- स्थानीय आपतकालिन संचालन केन्द्रको स्थापना गरी DEOC लगायत सरोकारवाला निकायहरुलाई जानकारी गराउने,
- विपद् सम्पर्क व्यक्ति तोकि निजको सम्पर्क नम्बर सहित सबै सरोकारवाल निकायहरुलाई जानकारी गराउने,
- खोज तथा उद्धारका लागि स्थानीय स्वयंसेवी दस्ता तयारी अवस्थामा राख्ने,
- विपद्को बेलामा उद्धार गरिएका व्यक्तिहरुलाई राख्ने सुरक्षित स्थान (विद्यालय, सामुदायिक वन आदि) तोकी पूर्व तयारी गर्ने,
- अन्य निकाय तथा स्थानीय तहले निर्माण गरेको सडकहरु अवरुद्ध हुन नदिने व्यवस्था मिलाउने,
- स्वास्थ्य कर्मीहरुलाई तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने,
- आवश्यक औषाधी एवं स्वास्थ्य सामाग्रीहरुको व्यवस्था मिलाउने,
- खोज र उद्धारकार्यमा स्थानीय तह अन्तर्गत रहेका निकायहरु परिचालन गर्ने,
- पर्याप्त बजेट र स्रोत साधन तयारी अवस्थामा राख्ने,
- आवश्यक पर्ने तार, जाली, खाली बोरा आदि तयारी अवस्थामा राख्ने,
- स्थानीय तहमा विपद् व्यवस्थापन कोष स्थापना गरी पर्याप्त बजेटको व्यवस्थापन गर्ने ।

ख. खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालयले आपतकालीन व्यवस्थापनका लागि तारजाली, खाली, बोरा आदि आवश्यक सामाग्री खरिद गरी तयारी अवस्थामा राख्ने तथा आवश्यक बजेट, स्रोत-साधन अपुग भएमा समयमा नै सम्बन्धित निकायमा माग गरी प्राप्त गर्ने ।

ग. **सडक डिभिजन कार्यालय, जुम्ला तथा पूर्वाधार विकास कार्यालय, मुगुले** निर्माण गरेका सडक एवं भौतिक संरचनाहरु बाढी पहिरोको कारण अवरुद्ध भएमा निर्माण गर्ने निकायहरुले स्थानीयतहको सहयोग समेत लिई तत्काल सडक सफा तथा मर्मत सम्भार गरी सडक सुचारु गर्ने/गराउने व्यवस्था मिलाउने ।

घ. जिल्लाका सडक अवरुद्ध भएमा तत्काल बाटो खोल्ने प्रयोजनका लागि ब्याक लोडर, स्काभेटर आदि यन्त्र/उपकरणहरु **सडक डिभिजन कार्यालय, जुम्ला** र सम्बन्धित स्थानीय तहहरुले तयारी अवस्थामा राखी बाटो अवरुद्ध हुन नदिने व्यवस्था मिलाउने ।

ङ. बाढी पहिरोको कारणले कुनै क्षति हुन पुगेमा सम्बन्धित स्थानीय तह, विषयगत कार्यालय तथा संस्थाहरुले आ-आफ्नो स्रोत साधन परिचालन गरी उद्धार तथा राहतमा जुट्ने र आवश्यक राहत/क्षतिपूर्ति दिलाउने । यस वर्षायाम अवधिभरी कार्यालयमा प्रमुख/कर्मचारीहरुलाई विदामा नछाडी तयारी अवस्थामा राख्ने ।

च. बाढी पहिरोको कारणले मानवबस्तीमा क्षति भई तत्काल औषधी/उपकरण/उद्धार/राहत सामाग्रीहरुको बन्दोबस्त एवं अस्थायी आबासको व्यवस्था नेपाल रेडक्रस सोसाईटी, जिल्लामा कार्यरत सबै संघ-संस्था तथा

स्थानीय तहहरुले व्यवस्था मिलाउने । नेपाल रेडक्रसका सदस्यहरुलाई परिचालका लागि तयारी अवस्थामा राख्ने ।

छ. जिल्लाका विद्यालयहरुलाई सुरक्षित अवस्थामा राख्न एवं विपद्को अवस्थामा विद्यालयलाई अस्थायी आबास स्थल बनाउनका लागि शिक्षा विकास तथा समन्वय इकाइले समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

ज. जिल्लामा रहेका सुरक्षा निकायहरुले चौबीसै घण्टा खोज तथा उद्धारका लागि आवश्यक औजार/उपकरण सहित तयारी अवस्थामा रहेका सबै स्थानीय तहहरुसंग सूचना आदान-प्रदान गर्ने । आवश्यक परेको अवस्थामा सुरक्षाकर्मीहरु परिचालनको पूर्ण व्यवस्था मिलाउने ।

झ. स्वास्थ्य सेवा कार्यालय, मुगुले उद्धारका लागि औषधी एवं स्वास्थ्य सामाग्री उपकरण सहित तुरुन्त परिचालन गर्न सक्ने गरी स्वास्थ्यकर्मीहरुको टिम तयारी अवस्थामा राख्ने । जिल्ला अस्पताललाई यस अनुरुप तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

ञ. जिल्लामा कार्यरत संचारकर्मी लगायतका संघ-संस्थाहरुले पूर्व सुचना प्रणाली तथा तुरुन्त सूचना प्रवाहलाई प्रभावकारी बनाई सम्बन्धित स्थानीय तहहरुलाई विपद् व्यवस्थापनमा आवश्यक सहयोग एवं सहजीकरण गर्ने/गराउने व्यवस्था मिलाउने ।

ट. नेपाल टेलिकमको टेलिफोन र ईन्टरनेटको सेवालाई भरपर्दो र प्रभावकारी बनाउने साथै जिल्लाभित्र रहेका टेलिफोन टावरहरु यथाशिघ्र संचालनमा ल्याउन नेपाल टेलिकम मुगुले आवश्यक पहल गर्ने ।

८. जिल्ला विपद् कोषबाट खर्च भएको निम्नानुसारको रकम समर्थन/स्वीकृत गर्ने निर्णय गरियो:

क. मिति २०७८ साल कार्तिक २९ गतेका दिन गमगढी तल्लो बजार क्षेत्रमा भएको भिषण आगलागी पिडितहरुलाई राहत स्वरुप तत्काल वितरण गरेको रकम रु.८,८०,०००- (अक्षरुपी आठ लाख असी हजार),

ख. अति विपन्न, अपाङ्ग तथा गरिब परिवारलाई चिसोबाट जोगाउन न्यानो कपडा वितरण कार्यमा खर्च भएको रकम रु.४,६५,५६०-(चार लाख पैसठ्ठी हजार पाँच सय साठी) ।

ग. जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्र (DEOC) मर्मत तथा व्यवस्थापनमा भएको खर्च रकम रु.२८३५०।- (अठ्ठाईस हजार तीनसय पचास) ।

९. जिल्ला आपतकालिन कार्य संचालन केन्द्र संचालनका लागि आवश्यक पर्ने खोज तथा उद्दार सामाग्री उपलब्ध गराएकोमा RCDC मुगु द्वारा संचालित भकारी परियोजना र ग्रामिण पहुँच कार्यक्रम RAP-3 लाई धन्यवाद दिने निर्णय गरियो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुगु

रोम बहादुर महत
प्रमुख जिल्ला अधिकारी